## खुल्ला म्याराथन दौड़मा घूमको पनि सहभागिता

**घूम, १२ जनवरी।** दार्जीलिङ पुलिसद्वारा आयोजना गरेको खुल्ला म्याराथन दौड़मा घूममा पनि बिहान ८ बजे देखि ११ बजेसम्म बिहानको यातायात प्रशासनद्वारा बन्द गरे। सुकेपोखरी बजारदेखि दार्जीलिङ चौरस्तासम्मको लक्ष्य राखेर विगत वर्षझैं यसपालि पनि आयोजना गरेको हाफ म्याराथन दौड़ प्रतियोगितामा अंश ग्रहण गर्नेहरूलाई घूममा पनि व्यापकरूपमा मानिसहरू उपस्थित भएर प्रोत्साहनको निम्ति दौड़नेहरूलाई एमवेद्वारा सितल पेय जलहरू पनि बाड़िए।

## कृषकहरुलाई तालिम

**घूम, १२ जनवरी।** पोख्रेबोङ र राङभाङ बस्ती क्षेत्रका प्रगतिशील कृषकहरूलाई लिएर दार्जीलिङ हिल स्मल टी गोवर्स सोसाइटीले उन्नत खेती संस्कारको गरिमालाई बचाई राख्नुपर्ने अपील गर्दै एकदिने तालिम कार्यक्रमको आयोजना गरेको पोख्रेबुङ स्वनिर्भर समुहका सचिव शरण शर्माले जनाए। रेन फरेष्ट एलान्सका अधिकारी पम्पी घोष अनि तालिमप्राप्त हेचन्द्र राई र सोसाइटीका सचिव निरूपा गुरूङले चिया खेतीको गुणवत्ता र यसको मूल्यमाथि प्रकाश पार्दै प्रशिक्षण प्रदान गरेको समुहको सचिव शर्माले जनाए। पोख्रेबुङ बस्ति प्राथमिक पाठशाला परिसरमा सम्पन्न कार्यक्रममा संस्थामा सभापति जीपी राणा आदिको उपस्थिति थियो।

## साहित्यकार कमल रेग्मी मातृ शोकमा नेपाली साहित्य अध्ययन समितिको शोक सम्वेदना

**कालेबुङ, १२ जनवरी।** नेपाली साहित्य सम्मेलन दार्जीलिङका सह-सचिव एवं साहित्यकार शिक्षक कमल रेग्मीका माताको असामायिक निधन भएकोमा नेपाली साहित्य अध्ययन समिति, कालेबुङले शोक पालन गरेको छ। रेग्मीकी माता मनकुमारी रेग्मीको गत २९ दिसम्बर २०१७-को दिन असामयिक परमधाम हुनु भएकोमा नेसाओस परिवार शोकित बनेका छन्। दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति सम्नेदना प्रकट गरेको जानकारी विज्ञप्ति मार्फत समितिका मूल सचिव बलभद्र शर्माले दिएका छन्।

## एनडीएफबी 'सं' को छह क्याडर पक्राउ

**शिवसागर, १२ जनवरी।** शिवसागर जिल्लान्तर्गत सोनारीको सापेखातीबाट बिहीबार मध्य रात्रिमा सेना र पुलिसले गुप्त सूचनाको आधारमा अभियान चलाउँदै प्रतिबन्धित संगठन एनडीएफबी (संगबिजीत) गुटको छह क्याडरलाई पक्राउ गरेको छ। पुलिसले बताएको छ, सबै आतंकी नागाल्याण्डको घना जंगलहरूमा स्थित एनडीएफबी (सं) को क्याम्पमा प्रशिक्षण लिन गईरहेका थिए। जसलाई गुप्त सूचनाको आधारमा सोनारी पुलिसले सापेखातीमा बिहीबार राति पक्राउ गऱ्यो। पक्रा परेका क्याडरहरूको पहिचान चिराङ्ग जिल्लाको युसूफ नार्जरी, रिपुन नार्जरी, फाङ्गू नार्जरी, दुमुल नर्जरी, कोकराझार जिल्लाको सोमनाथ बसुमतारी र शोणितपुर जिल्लाको वोधिया दैमारीको रूपमा गरिएको छ। यी सबैलाई सेनाले पक्राउ गरी पुलिसलाई सुम्पेको छ। मामिला दर्ता गरी पक्रा परेका क्याडरहरूसित केरकार गरिन्दैछ।

### कालेबुङमा उत्तरबंग उत्सव आरम्भ

# डा. पीडी भोटियाले बंगरत्न पुरस्कारमा पाएको धनराशि दिए बाल सुरक्षा अभियानलाई



**कालेबुङ, १२ जनवरी।** कठियाग्रिने जाड़ो अर्थात थरथर मुटु काम्ने ठिहि परेको अवस्थामा पनि कालेबुङ जिल्लाको उत्तर बंग उत्सव कालेबुङमा आजदेखि शुरू भयो। गत ८ जनवरीको दिन सिलगड़ीको कंचनजंघा स्टुडियमको कार्यक्रममा पश्चिम बांगलकी मुख्यमन्त्री ममता व्यानर्जीले उत्तर बंगाल उत्सव २०१८, उद्घाटन गरी आरम्भ गरेकी थिइन्। यसै उत्सवको अंश दुइदिन व्यापी उत्सव कालेबुङमा पनि आजदेखि शुरू भएको छ। उत्तर बंगाल उत्सवको सिलसिलामा कालेबङ जिल्लाका विभिन्न इलाकाका मानिसहरू प्रसार प्रकल्पका कलाकारहरू विभिन्न जात गोष्ठिका मानिसहरूलाई यहाँकै रामकृष्ण रंगमञ्च र यसका परिसरमा भेला गरि विभिन्न कार्यक्रमको आयोजना गरियो।

उत्तर बंगाल विकास विभाग संयुक्त सूचना औं सांस्कृतिक विभाग, पश्चिम बंगाल सरकारको आयोजनामा सम्पन्न भई रहेको शहरमा आज विहान एउटा सांस्कृतिक शोभा-यात्रा निकालेर जिल्ला स्तरको उत्सव शुरू गरियो। अपरान्हको समय यहाँको रामकृष्ण रंगमञ्चमा दीप प्रज्ज्वलन गरी कालेबुङ जिल्लापाल डा. विश्वनाथले एक समारोह पूर्वक उत्सवको उद्घाटन गरे।

दुइ दिवसीय कार्यक्रमको प्रथम दिन १२ जनवरीमा रामकृष्ण रंगमञ्चमा सम्पन्न कार्यक्रमरो आरम्भमा स्वागत भाषण कालेबुङ जिल्ला सूचना एवं संस्कृतिक विभाग अधिकारी दिपक केरकेटाले राख्दै उत्सव कार्यक्रममा १५ वर्षिय वर्गका किशोर किशोरीहरूले नृत्य, गीत अनि विभिन्न जात-गोष्ठिका महिला - पुरूष टोलीद्वारा लोक नृत्य अनि लोक गीत प्रस्तुत गरे भने विभिन्न सांगीतिक टोलीले सांगीतिक कार्यक्रम गरे। आजको प्रथम टिनको कार्यक्रममा प्रमुख अतिथि कालेबुङ जिल्लापाल डीबी विश्वनाथ आईएएस, कालेबुङ जिल्ला पुलिस अधिक्षक जित सिंह यादव आईपीएस, कालेबुङ अतिरिक्त जिल्लापाल पनीकर हरी शंकर आईएएस, कालेबुङ सदर महकुमा अधिकारी निर्मल्य घरामी, लगायत हालैमा बंग रत्न पुरस्कारले सम्मानित डा. पीडी , भोटिया, टीएमसी-का विन्ती शर्मा, विभिन्न जात गोष्ठी पर्षदका अध्यक्ष रवि प्रधान, उपाध्यक्ष, नगरपालिका अध्यक्ष, रवि प्रधान, उपाध्यक्ष भीम अग्रवाल आदि विशेष अतिथिका रूपमा उपस्थिति रहेको थियो।

आज स्वामी विवेकानन्दको जन्म जयन्तीको अवसरमा प्रमुख विशिष्ट अनि विशेष अतिथिहरूको बाहुलीबाट विवेकानन्दको तस्वीरमा खदा-माला गरी श्रद्धा सुमन चड़ाए। कार्यक्रमलाई सम्बोधन गर्दै डा. विश्वनाथ कालेबुङ जिल्लापालले भने, यस वर्षको उत्तरः बंग उत्सवको अन्यतम अंगको रूपमा सरकारी परिसेवा प्रदान गरिन्दैछ भने आउँदो वर्ष अझ धैरै परिसेवा प्रदान गर्ने आशा राखेका छौं। आज अपरान्ह १ बजेदेखि शुरू भएको उत्सवमा सांस्कृतिक कार्यक्रम पारसमणि ढुंयालको स्वागत गानबाट भयो। स्थानीय कलाकारहरू प्रशान्त छेत्री, सूर्य प्रकाश प्रधान, सहारा छेत्री शर्मिला तामाङ, केलसाङ भोटिया, आदिले हिन्दी- नेपाली आधुनिक, लोक गीतहरू प्रस्तुत गरे भने मगर, राई, लिम्बू, तामाङ विकास पर्षद टोलीद्वारा कार्यक्रम पेश गरे। यसरी नै प्रेम, गीता, लेप्चा समुह आदिद्वारा नृत्य अनि पारम्परिक कार्यक्रमहरू प्रस्तुत गरे। यसै अवसरमा डा. पीडी भोटिया र विन्नी शर्मालै गीत प्रस्तुत गरे।

यस अवसरमा डा. पीडी भोटियाले बंगरत्न पुरस्कारमा प्राप्त गरेका एक लाख रूपियाँको चेक बाल सुरक्षा अभियान, कालेबुङकी निर्देशिका सिस्टर सुदेशना थापालाई कालेबुङ जिल्लापाल डा. विश्वनाथको बाहुलीबाट प्रदान गरियो। उत्सवको दोस्रो दिन १३ जनवरीमा विहानको ११ बजीदेखि सांस्कृतिक कार्यक्रम आरम्भ हुने अनि रक्तदान शिविरको पनि आयोजना गरिएको जानकारी कालेबुङ जिल्ला सूचना एवं सांस्कृतिक विभाग अधिकारी दिपक केरकेटाले दिएका छन्।

## खरसाङमा बोर्डिङ स्कूलहरुको स्थिति दयनीय

**खरसाङ, १२ जनवरी।** अंग्रेजी माध्यमका बोर्डिङ स्कूलहरूको लागि प्रचलित खरसाङमा वर्ष २०१८ को सत्रमा बोर्डिङ स्कूलहरूको अवस्था सोचनीय बन्ने सम्भावना देखिएको छ। केही बोर्डिङ स्कूल पक्षले जनाएअनुसार यस वर्ष अधिकांश बोर्डिङ स्कूलहरूमा अहिलेसम्म नयाँ विद्यार्थीहरूको भर्ती छैनको बराबर छ। यसैले बाहिरका विद्यार्थीहरूको आगमनमा ह्रास आउने अड़कल अहिलेबाटै लगाउन सकिन्छ।

जानकारी अनुसार पहिला-पहिला स्कूल खोलिन दुइ महिनाअघिदेखि नै देश-विदेशका विभिन्न क्षेत्रबाट यहाँका बोर्डिङ स्कूलहरूमा अध्ययनको निम्ति विद्यार्थीहरूको भर्ती प्रक्रिया आरम्भ हुन्थ्यो जसले गर्दा देश-विदेशबाट आएका अभिभावकहरूको चहल-पहल पनि खूब हुन्थ्यो तर अहिले यस्तो केही छैन। अलग राज्य गोर्खाल्याण्डको मागमा पछिल्ला केही दिनपूर्व दार्जीलिङ पहाड़ी क्षेत्रमा भएको १०४ दिनको बन्दको कारणले यस क्षेत्रका बोर्डिङ स्कूलहरूको पढ़ाई बाधित भएको थियो। फलस्वरूप बन्दको अवधिमा अधिकांश विद्यार्थीका अभिभावकहरूद्वारा आ-आफ्नै क्षेत्रका स्कूलहरूमा आफ्ना नानीहरूलाई भर्ती गराएको कारण बन्द खोलिए पनि धैरैजसो नानीहरू फर्किएनन्। वर्तमानमा दार्जीलिङ पहाड़ी क्षेत्रको अवस्थामा सुधार आए पनि बाहिरका विद्यार्थीका अभिभावकहरूको झुकाउ यस क्षेत्रका स्कूलहरूमा कम हुने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन। यदि यस वर्ष यहाँको बोर्डिङ स्कूलहरूमा बाहिरका विद्यार्थीहरूको भर्ती भएन भने कतिपय स्कूलहरू बन्द हुने अवस्थामा पुग्नका साथै कतिपय स्कूलहरूमा शिक्षकहरूको छटनी हुने प्रबल सम्भावना रहेको छ।

आफ्नो नाम प्रकाशमा नल्याइदिने आह्वान गर्दै यहाँको एक प्रतिष्ठित स्कूलका मालिकले बताए, विशेष गरेर बोर्डिङ स्कूल-हरूको संचालन आवासीय विद्यार्थीहरूको माध्यामबाटै हुँदछ। यदि बोर्डिङ स्कूलहरूमा विद्यार्थीहरूको आगमनमा ह्रास आए नचाहँदा-नचाहँदै पनि बाध्य भएर केही कर्मचारीहरूको छटनी गर्नुपर्ने बाध्यता छ। किनभने बोर्डिङ स्कूलमा विद्यार्थीहरूको संख्या कम भए बोर्डिङ संचालनमा ठूलो असुविधा हुन्छ। उनले बताए, बोर्डिङ स्कूलहरूलाई डे-स्कलर विद्यार्थीहरूको भरमा चलाउनु सम्भव नै छैन।

## 'जराको कला' प्रशिक्षण कार्यशालाको उद्घाटन

**सिन्धुली।** नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको हस्तकला विभागद्वारा आयोजित तथा जरा फाउन्डेसन नेपालद्वारा संयोजन गरिएको 'जराको कला' प्रशिक्षण कार्यशालाको उद्घाटन भयो। कार्यक्रम कमलामाई नगरपालिका प्रमुख खड्गबहादुर खत्रीले स्थानीय कलाकार विश्वम्भर लामिछानेको 'जर्बुटा कला संग्राहलय' उद्घाटन गरेका हुन्। प्रतिष्ठानकी हस्तकला प्रमुख प्राज्ञ सुषमा राजभण्डारीको अध्यक्षतामा सम्पन्न उक्त कार्यशाला तीन दिनसम्म चल्नेछ। कलाको उत्थानमा आफू सधैं तत्पर रहको बताउँदै प्रमुख खत्रीले कलाकार लामिछानेका सिर्जनालाई यथोचित संरक्षण गरिने बताए।

स्थानीय स्रोतको उपयोग गर्दै हस्तकलाको प्रवद्र्धन गरिनुपर्ने र उक्त उत्पादनहरु कम्तीमा सरकारी निकाय तथा कार्यालयले अनिवार्य प्रयोगमा ल्याउँदै स्वदेशी उद्यमीको मनोबल बढाउन राज्यले विशेष नीति अख्तियार गर्नुपर्ने प्राज्ञ राजभण्डारीले बताइन्। यस कार्यशालाको उद्घाटन कार्यक्रममा जरा फाउन्डेसनका अध्यक्ष साहित्यकार कृष्ण प्रसाईं, अधिवक्ता सविता विमली, जराबाट कला सिर्जना गरिरहेका विश्वम्भर लामिछाने, कांग्रेस नेता माणिक ढकाल, सानोठिमी क्याम्पस भक्तपुरका पूर्व प्रमुख माधव ढकाल र अरुणीमा बहुमुखी क्याम्पसका प्रमुखले स्थानीय कलाकार तथा कलाको संरक्षणमा ध्यान दिन कलासँग सरोकार राख्ने सबैलाई आग्रह गरे।

# साइन्स सेन्टर र केभीकेको आयोजनामा मैराथन दौड




**कालेबुङ, १२ जनवरीः** कालेबुङ साइन्स सेन्टर एवं दार्जीलिङ कृषि विज्ञान केन्द्रको संयुक्त आयोजनामा राष्ट्रिय युवा दिवसको अवसरमा रन फर हेल्थको थिममा डा.ग्राहम्स होम्स स्कूलदेखि साइन्स सेन्टरसम्म मैराथन दौड आयोजना गरियो। मैराथन दौड दुई भागमा विभाजन गरिएको थियो। एक भागमा तीस वर्षभन्दा माथिका थिए, अनि अर्को भागमा तीस वर्षभन्दा कम उमेरका थिए। कार्यक्रममा मुख्य अतिथिको रुपमा कालेबुङ जिल्ला पुलिस अधिक्ष अजित सिंह यादव रहेका थिए। तिनले हरियो झण्डा देखाएर दौडको आरम्भ गरे। यस दौडमा कालेबुङ मोसन क्लब, कालिम्पोङ स्पोर्ट्स एसोसिएसन, सेयर फुटबल क्लब, इमर् युथ क्लब, भेटेरन्स क्लब लगायत विभिन्न स्कूलका विद्यार्थीहरुले सहभागिता जनाएका थिए। प्रमुख अतिथि यादवले युवा शक्तिलाई देशको शक्ति बताउँदै युवा स्वस्थ्य हुँदा देश नै स्वस्थ्य हुने जसले देश प्रगतिको मार्गमा अघि बढ्ने बताए। यस्तै शरीर स्वस्थ्य हुँदा हह्रो आर्थिक एवं मानसिक विकासमा ठूलो भूमिका हुने कुरा पनि तिनले बताए। र्यक्रममा कालेबुङ जिल्ला अस्पतालका डा.सुनिलकुमार सिंहले स्वामी विवेकानन्दको जीवनी एवं आदर्शमाथि वार्ता प्रस्तुत गरेका थिए।कालेबुङ साइन्स सेन्टर एवं दार्जीलिङ कृषि विज्ञान केन्द्रद्वारा आयोजित यस दौड्मा कुल ५५ धावकहरुले सहभागिता जनाएका थिये। जसमा तीस वर्षभन्दा माथिको वर्गको दौडमा माइकल फेम्स प्रथम, सोनाम भोटिया दोस्रो, अनि सुब्रता मन्ना तेस्रो भए। यसरी नै तीस वर्षभन्दा कम उमेरको वर्गमा सफिना खातुन प्रथम भइन्. विजेताहरुलाई जिल्ला पुलिस अधीक्षक यादवले ट्रफी र प्रमाणपत्र प्रदान गरे।

# स्वामी विवेकानन्दको १५५औं जन्म जयन्ती पालन



**मिरिक, १२ जनवरी।** आज मिरिक नगरपालिका कार्यालयमा स्वामी विवेकानन्दको १५५औं जन्म जयन्ती एवं विवेक चेतना उत्सव पालन गरियो। कार्यालय परिसरमा सम्पन्न समारोहको आरम्भमा नगरपालिका अध्यक्ष एलबी राईले स्वामी विवेकानन्दको तस्वीरमा माल्यार्पण गरी दीप प्रज्जवलन गरे। यस अवसरमा नगरपालिका प्रशासन, कर्मचारी, नगर पार्षद लगायत अन्यको उपस्थिति रहेको थियो। युवा कल्याण विभागका खण्ड प्रमुख आइके छेत्रीको विशेष उपस्थिति रहेको समारोहमा स्वामी विवेकानन्दको जीवनी र योगदानमाथि जानकारी गराइयो। युवा भनेको देशको कर्णधार हो। यसैले युवा शक्तिलाई बलियो बनाउन अत्यन्त जरूरी रहेको कुरा समारोहमा अवगत गराइयो।

## रक्तदान शिविर




**कालेबुङ, १२ जनवरीः** आज अखिल भारतीय विद्यार्थी परिषद, कालेबुङ युनिटद्वारा रक्तदानको शिविर आयोजना गरियो। स्वामी विवेकानन्दको १५५औं जन्म जयन्तिको अवसरमा आज यहाँको १० माइलस्थित स्वामी विवेकानन्द पार्कमा रहेको मूर्तिमाथि माल्यार्पण गरियो। परिषदका सदस्यहरुद्वारा नगर परिक्रमा गरिएपछि आरसी मिन्त्री रोडस्थित भारत उदय भवनमा रक्तदान शिविर सम्पन्न गरियो। रक्तदान शिविरमा भाजपा कालेबुङका संयोजिका अन्नपूर्ण चतुर्वेदी, भाजयूमो सचिव सुरज अग्रवाल, अभाविप राष्ट्रिय कार्यकारी सदस्य गणेश कामती, एभीपी कालेबुङ युनिट अध्यक्ष विशाल छेत्री आदिको उपस्थिति थियो। बिहान १० बजे शुरु भएको यस रक्तदान शिविरमा साँझसम्म २३ युनिट खुन जमा गरिएको थियो।

## विवेक चेतना उस्तवसितै स्वामी विवेकानन्दको जन्म जयन्ती

**कालेबुङ।** राज्य सरकारको युवा एवं खेलकूद विभाग अनि कालेबुङ नगरपालिकाको संयुक्त आयोजनामा आज विवेक चेतना उत्सवका साथै स्वामी विवेकानन्दको १५५औं जन्म जयन्ती पालन गरियो। यहाँको गर्ल्स हाई स्कूलको सम्मेलन कक्षमा आयोजित कार्यक्रममा मुख्य अतिथिको रुपमा नगरपालिका अध्यक्ष रवि प्रधान थिए भने उपाध्यक्ष भीम अग्रवाल, वरिष्ठ अधिवक्ता डीपी अधिकारी एवं नगरपलिका क्षेत्रका युवा प्रभारि पेम्बा भोटियाको विशेष उपस्थिति थियो।

स्वामी विवेकानन्दको तस्वीरमा दीप प्रज्जवलन गरेर आरम्भ भएको कार्यक्रममा स्वागत भाषण राख्दै पेम्बा भोटियाले स्वामी विवेकानन्दको कामको बारेमा जनकारी गराए। कार्यक्रममा नगरपालिका उपाध्यक्ष भीम अग्रवालले पनि सम्बेधन गरे।नरेन्द्र तामाङद्वारा सञ्चालित कार्यक्रममा विभिन्न वार्डका नानीहरुले बस अनि चित्र बनाउ, रेसिटेशन, सांस्कृतिक कार्यक्रम आदि प्रस्तुत गरे। यसरी नै कालेबुङ खण्ड एकमा पनि स्वामी विवेकानन्दको जन्म जयन्ती पालन गरियो।

## सम्पत्ति विवादमा छोराद्वारा पिताको हत्याको प्रयास

**कोलकत्ता, १२ जनवरी।** उत्तर २४ परगनाको हाड़ोआमा बिहीबार राति छोराको नाममा सम्पत्ति नगरेकोमा पिताको हत्याको प्रयास गरिएको मामिला प्रकाशमा आएको छ। पिताले छोरा विरूद्ध हाड़ोआ थानामा शिकायत गरेको छ। घटना घटेदेखि छोरा औं बुहारी दुवै फरार बताइँएका छन्। पुलिस दुवैको खोजमा जुटेको छ। आरोप छ, गत दुई वर्षदेखि हाड़ोआ थानाको मेटो आहट ग्राम निवासी मस्तान मोल्लामाथि उनको छारा आराबुल इस्लामले अत्याचार गरिरहेथियो। सम्पत्ति आफ्नो नाम गराउनको निम्ति आफ्नो पितालाई कुट्ने गर्थ्यो। मोल्लाले पञ्चायतमा पनि यसको शिकायत गरेका थिए तर केही दिनपछि पुनः यस प्रकारको अत्याचार शुरू भयो। बताइन्छ, केही महिना अघि छोराद्वारा मारपीट गरेपछि घाइते मोल्ला धैरै दिनसम्म अस्पतालमा भर्ती थिए।

## कंग्रेस, माकपा र भाजपाबाट गोरामुमोमा सामेल

**मिरिक, १२जनवरी।** आज तराईको बेलगाछीमा सम्पन्न गोरामुमोको सांगठनिक सभामा छैटौं अनुसूचीलाई समर्थन जनाउँदै कंग्रेस, सीपीआईएम, आदिवासी विकास परिषद, तृणमूल कंग्रेस, बीजेपी जस्ता राजनैतिक दलका समर्थकहरू गोरामुमोमा सामेल भए। पूर्व पञ्चायत समिति सदस्य विजय कुजुरको सभापतित्वमा किशोर गहतराजद्वारा संचालित सभामा आफ्नो विचार राख्दै सपन नगस्याले भने, आफू पञ्चायत प्रधान त भएँ तर डाडु-पन्यूँ अरूको हातमा थियो। सरकार बनाउने पावर पनि अरूकै हातमा। त्यसैले सोचे जस्तो विकास गर्न सकिएन। तर अब छैटौं अनुसूचीको जुन प्रावधान छ यसले सम्पूर्ण हामी गोर्खा-आदिवासीलाई सहुलियत पस्कनु सक्छौं। यसैले हामी हरियो झण्डामुनि गोलबन्द भएका हौं। पूर्व पञ्चायत सदस्य राजु खेरवारले छैटौं अनुसूचीलाई समर्थन गर्ने बताउँदै अहिलेसम्म पार्टीको निम्ति धेरै गऱ्यौं तर अब जातिको निम्ति गर्नेछु भनी बताए। सभालाई पीबी तामाङ, सौरेनी पानीघट्टा संयोजक नवराज छेत्रीले छैटौं अनुसूचीको बारेमा स-विस्तार बुझाए। सभामा छैटौं अनुसूचीको प्रचार-प्रसारको निम्ति सातजनाको संयोजक कमिटी पनि गठन गरियो जसमा सपन नगसया, सरबन तेलुङ, गजेन्द्र झा, प्रेम प्रकाश ओझा, राजु खेरवार, सनम तामाङ र सुरेश राईलाई चयन गरिएको छ।

JOB OPPURTUNITY!!
**Account Clerk-Primary Teacher**
Coaching-Best Faculty, Try Class & Join
*Math-Biren Sir,*
*Aptitude GK-Kafley sir*
**SIKKIM SUPER 30-**
**9564067717**
*Good results in different recruitments*

SPECIALIST DOCTORS
NOW AT JORETHANG
**Dr Tshering Dorjee Sherpa MS(ENT)**
SENIOR CONSULTANT ENT SURGEON from NEOTIA GETWEL HEALTHCARE CENTRE, SILIGURI
**Dr Bhushan Sharma MS (ORTHO)**
SENIOR CONSULTANT ORTHOPEDIC SURGEON from NIVEDITA HOSPITAL, SILIGURI
**Dr Dipendra Gurung, MD (DERMATOLOGY)**
SENIOR CONSULTANT SKIN SPECIALIST from SUNRISE NURSING HOME, SILIGURI
AVAILABLE EVERY SUNDAY 10 AM TO 2 PM
AT
SUVARNA MEDICALS
Fountain Corner, 1st Lane Jorethang, South Sikkim
Book Appointment: 8906005000,9733257788